## लक्षित सहभागीहरु

- ❖ कक्षा ९ र १० मा अध्ययनरत विद्यार्थीहरु। (सरकारी / सामुदायिक)
- ❖ सहकारी संघ संस्थाका पदाधिकारी, कर्मचारी र शेयर सदस्यहरु।
- ❖ मन्त्रालय र अन्तर्गतका कार्यालयमा कार्यरत कर्मचारीहरु।

## तालिम कार्यक्रममा सहभागी हुने प्रक्रिया

- ➢ तालिम माग निवेदन,
- ➢ संस्थाको आधिकारीक पत्र,
- ➢ स्थानीयबाट भए स्थानीय तहको पत्र,
- ➢ संघबाट भए संघको पत्र,
- ➢ सहभागी संघसंस्थाहरु नियमानुसार सञ्चालनमा रहेको हुनुपर्ने ।

## तालिम सञ्चालन हुने स्थानः

- ➢ तालिम कार्यक्रम सामान्यतः तालिम केन्द्र रहेको स्थान भरतपुर चितवनमा रहनेछ।
- ➢ तर कार्यक्रम पहुँच, माग, सहभागीको संख्या, बजेटको अवस्था समेतलाई मध्यनजर गरी बागमती प्रदेश भरी जुनसुकै जिल्लामा स्थलगतरुपमा कार्यक्रम संचालन गर्न समेत सकिनेछ।

## सहकारी कानुनको इतिहास

- ➢ सहकारी समिति विल, २०११ (यो तर्जुमा भएपछि सहकारी कानूनको इतिहास शुरु भएको)
- ➢ कार्यकारिणी आदेश, २०१३ (सहकारी संस्था दर्ता सम्बन्धी तत्कालिन व्यबस्था गर्न)
- ➢ सहकारी संस्था ऐन, २०१६ र सहकारी संस्था नियम, २०१८
- ➢ साझा संस्था ऐन, २०४१ र साझा संस्था नियमहरु, २०४३
- ➢ सहकारी ऐन, २०४८ र सहकारी नियमावली, २०४९
- ➢ सहकारी ऐन, २०७४ र नियमावली, २०७५

## सहकारी सम्बन्धी ऐन कानुन, निर्देशिका कार्यविधिहरु

- ➢ सहकारी ऐन, २०७४
- ➢ सहकारी नियमावली, २०७५
- ➢ बागमती प्रदेश सहकारी ऐन, २०७६
- ➢ बागमती प्रदेश सहकारी नियमावली, २०७६
- ➢ राष्ट्रिय सहकारी नीति, २०६९
- ➢ सम्पत्ति शुद्धिकरण सम्बन्धीमा सहकारी संघसंस्थाहरुलाई जारी निर्देशिका, २०७४
- ➢ सम्पत्ति शुद्धिकरण निवारण सम्बन्धी सहकारी संघसंस्थालाई जारी गरिएको निर्देशन, २०७४
- ➢ सहकारी संस्थामा सम्पत्ति शुद्धिकरण निवारण कानुन पालना सम्बन्धी अनुगमन तथा सुपरिवेक्षण कार्यविधि, २०७५
- ➢ सहकारी संघ संस्थाको लेखापरीक्षण निर्देशिका २०७५
- ➢ सुशासन (व्यवस्थापन तथा सञ्चालन) ऐन, २०६४, नियमावली, २०६५
- ➢ सूचनाको हक सम्बन्धी ऐन, २०६४ र नियमावली, २०६५
- ➢ बचत तथा ऋणको मुख्य कारोबार गर्ने सहकारी संस्थाहरुको सुपरिवेक्षण, निरीक्षण तथा अनुगमन निर्देशिका, २०७७
- ➢ सहकारी संस्थाको एकीकरण तथा विभाजन सम्बन्धी निर्देशिका, २०७७
- ➢ सहकारी क्षेत्रको वित्तीय प्रतिवेदन ढाँचा (लेखा नीति, लेखा सूची र लेखा मापदण्ड) २०७६
  नेपाल वित्तीय प्रतिवेदन मान Nepal Financial Reporting Standard– NFRS (लेखामान)
- ➢ नेपाल राष्ट्र बैंकद्वारा जारी "बचत तथा ऋणको कारोबार गर्ने सहकारी संस्थाका लागि निर्देशन तथा मापदण्ड २०८१"
- ➢ राष्ट्रिय सहकारी नियमन प्राधिकरणद्वारा जारी "बचत तथा ऋणको कारोबार गर्ने सहकारी संस्थाको सञ्चालन सम्बन्धमा जारी गरिएको नियामकीय मापदण्ड, २०८२"

## हाम्रो प्रतिबद्धता

"ज्ञान, सीप र क्षमता मार्फत सक्षम, सुशासित, पारदर्शी एवं दीगो सहकारी क्षेत्र निर्माणमा योगदान"

### बागमती प्रदेश सरकार
### आन्तरिक मामिला, कानून तथा सहकारी मन्त्रालय
# सहकारी तालिम केन्द्र
### भरतपुर, चितवन




"दक्ष जनशक्ति, सक्षम सहकारी, समृद्ध प्रदेश"

### सम्पर्क ठेगाना

## सहकारी तालिम केन्द्र
### भरतपुर, चितवन
**०५६-४९३५४५**

**सूचना अधिकारीः ९८५५०९२२५६**

: ctc.bagamati@gmail.com
: ctc.bagamati.gov.np
: bagamatictc

## परिचय:

सहकारी तालिम केन्द्र भरतपुर चितवनले सहकारी सम्बन्धी शिक्षा, सूचना र तालिम क्रियाकलापहरुका माध्यमबाट सहकारी आन्दोलनलाई अगाडी बढाउँदै बागमती प्रदेश भित्र सञ्चालनमा रहेका सहकारी संघसंस्थाका कर्मचारी, सञ्चालक समितिका पदाधिकारी एवं सहकारी संघसंस्थामा आवद्ध शेयर सदस्यहरुलाई तालिमका मध्यमबाट ज्ञान, सीप र क्षमताको अभिबृद्धि गर्दै सहकारी क्षेत्रमा केन्द्रित रही अध्ययन, अनुसन्धान र विकासका लागि नेतृत्वदायी भूमिका निर्वाह गर्ने अभिप्रायले मिति २०७५ साल भाद्र २२ गते सहकारी प्रशिक्षालयको नाममा स्थापना भएको यो कार्यालय हाल २०८३/०४/०१ गतेदेखि आन्तरिक मामिला, कानून तथा सहकारी मन्त्रालय बागमती प्रदेश अन्तर्गत रही मन्त्रालयको वार्षिक स्वीकृत कार्यक्रम अनुसार सहकारी सम्बन्धी विविध किसिमका तालिम कार्यक्रम सञ्चालन गर्दै आइरहेको छ ।

- वि.सं. २०१० सालमा सहकारी विभागको स्थापना
- वि.सं. २०६१।१।१ मा सहकारी प्रशिक्षण तथा डिभिजन कार्यालय स्थापना ।
- देश संघीय संरचनापछि बागमती प्रदेश सरकार भूमि व्यवस्था, कृषि, सहकारी तथा गरिबी निवारण मन्त्रालय अन्तर्गत सहकारी प्रशिक्षालयको नामबाट मिति २०७५ साल भाद्र २२ गते स्थापना ।
- हाल मिति २०८३/०४/०१ बाट आन्तरिक मामिला, कानुन तथा सहकारी मन्त्रालय हेटौडा अन्तर्गत रहेको छ ।
- कार्यक्षेत्र: बागमती प्रदेशका १३ जिल्लाहरु
- कुल सहकारी संस्थाहरु: १०८९६ (८२/८३ आ.स.)
- प्रदेश कार्यक्षेत्र भएका सहकारी संस्थाहरु: ३२३०
- २ वटा कार्यालय भवन रहेको
- ३० जना अटाउने तालिम हल रहेको
- २० जना अटाउने कम्प्युटर ल्याब रहेको
- ३० जना अटाउने छात्राबास रहेको

## उद्देश्य

- सहकारी शिक्षाको विस्तार गर्ने
- सहकारी क्षेत्रका जनशक्तिको क्षमता विकास र दक्ष जनशक्ति विकास गर्ने
- सहकारी संस्थाको संस्थागत क्षमता सुदृढ गर्ने
- सहकारीसम्बन्धी कानुनी तथा नीतिगत ज्ञान प्रदान गर्ने
- मूल्य, मान्यता र सिद्धान्तको प्रवर्द्धन गर्ने
- सहकारी सुशासन र आन्तरिक नियन्त्रण प्रवर्द्धन गर्ने
- सहकारी संस्थाको दिगो विकासमा योगदान पुऱ्याउने
- परामर्श तथा अध्ययन-अनुसन्धान गर्ने

## दरबन्दी सम्बन्धी विवरण

| सि.नं. | पद | सेवा/समूह | तह/श्रेणी | संख्या |
|---|---|---|---|---|
| १ | उपसचिव/ब.उ.स. | प्र/सा.प्र. | नवौं/दशौं | १ |
| २ | शा.अ./ब.शा.अ. | प्र/सा.प्र. | सातौं/आठौं | ३ |
| ३ | ना.सु./स.अधिकृत | प्र/सा.प्र. | पाँचौं/छैटौं | ३ |
| ४ | लेखापाल/स.ले.अ. | प्र/लेखा | पाँचौं/छैटौं | १ |
| ५ | क.अ./स.क.अ. | विविध | पाँचौं/छैटौं | १ |
| ६ | ह.स.चा. | इ/मे. | श्रेणी विहिन | १ |
| ७ | का.स. | प्र/सा.प्र. | श्रेणी विहिन | ३ |
| ८ | माली./चौकिदार | प्र/सा.प्र. | श्रेणी विहिन | १ |
| | जम्मा | | | १४ |

## सहकारी नारा - २०८२

"उद्यमशिलता र पारदर्शिता: सहकारीको प्राथमिकता"
(सहकारी क्षेत्रमा उद्यमशिलता बढाउने र कारोबारमा पारदर्शिता कायम गरी सुशासन ल्याउने)

## कार्यरत कर्मचारीको विवरण

| सि.नं. | पद | कर्मचारीको नाम थर | कै. |
|---|---|---|---|
| १ | प्राचार्य (उपसचिव) | विष्णु अधिकारी | |
| २ | शाखा अधिकृत | सूर्यप्रसाद आचार्य | |
| ३ | शाखा अधिकृत | सुदर्शन पौडेल | |
| ४ | सहायक अधिकृत | सर्मिला देवकोटा | |
| ५ | सहायक अधिकृत | गोविन्द दुलाल | |
| ६ | स.कम्प्युटर अधिकृत | चित्रराज अधिकारी | |
| ७ | लेखापाल | कल्पना रावल | |
| ८ | नायब सुब्बा | रबिन कुलुङ | |
| ९ | का.स. | भोलानाथ उप्रेती | |
| १० | का.स. | अनु जम्कटेल | |
| ११ | का.स. | लक्ष्मी गुवाल | |
| १२ | माली | कृष्ण बहादुर गुरुङ | |

## चालु आ.व. २०८३/८४ मा सञ्चालन गरिने तालिम कार्यक्रमहरू

| सि.नं. | कार्यक्रमको नाम | कार्यक्रम संख्या | कै. |
|---|---|---|---|
| १ | विद्यालयस्तरीय आधारभूत सहकारी शिक्षा १ दिने | ४ | |
| २ | वित्तीयसाक्षरता सम्बन्धी अभिमूखिकरण कार्यक्रम १ दिने | ४ | |
| ३ | सीप विकास तथा व्यवसाय प्रवर्द्धन कार्यक्रम ३ दिने | ३ | |
| ४ | पर्ल्स अनुगमन प्रणाली सम्बन्धी तालिम ३ दिने | २ | |
| ५ | आधारभूत सहकारी व्यवस्थापन तालिम ६ दिने | ३ | |
| ६ | आधारभूत सहकारी लेखापालन तालिम ६ दिने | ४ | |
| ७ | क्षमता विकास (नेतृत्व विकास) तालिम ३ दिने | २ | |
| ८ | नियामक निकाय र कर्मचारीहरुको क्षमता अभिवृद्धि तालिम ३ दिने | २ | |
| | जम्मा | २४ | |